१०८२१६६४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २५१/२०७०/०७१

निर्णय नं. ६९४

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर-३५, सहयोगीनगर काठमाडौं बस्ने शारदा भुषाल(झा) ............................................................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं ...................१ विपक्षी
ऐ. ऐ. का सूचना अधिकारी ...............................................................................१

**विषय :- सूचना दिनु भनिएकोमा पाईंन भन्न नआएकोले तामेलीमा राख्ने ।**

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर-३५, सहयोगीनगर काठमाडौं बस्ने शारदा भुषाल (झा)ले जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०१।०५ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंलाई यस आयोगबाट मिति २०७१।०१।०८ च.नं. ८८६ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । पुनः मिति २०७१।०३।०६, २०७१।०७।२५ र २०७२।०२।१४ मा आदेश कार्यान्वयनको ताकेता पत्र प्रेषित गरेको । मिति २०७२।०२।१४ को पछिल्लो उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाईंन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईंन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्